# नेपालमा वन अधिकारको अवस्था र सवाल

■ नया शर्मा पौडेल* र विष्णुहरि पौड्याल**

## वन स्वामित्वसम्बन्धी अवधारणा

स्रोतमाथिको अधिकार तथा स्वामित्व (Tenure) एउटा त्यस्तो अभ्यास हो- जसले कुनै पनि स्रोतमाथि कानुनी रूपले आफ्नो हक-अधिकार दाबी गर्छ (Vandergeest, 1997)। कुनै पनि सम्पत्तिसँगको सम्बन्ध समाजमा कायम रहेका लैंगिक, वर्गीय, राजनीतिक, आर्थिक तथा कानुनीजस्ता सामाजिक सम्बन्धहरूले निर्धारित गरेका हुन्छन्। यी सम्बन्धहरू गतिशील/परिवर्तनशील हुन्छन् र सम्पत्तिमाथिको अधिकार समयसापेक्ष परिभाषित र पुनःपरिभाषित भइरहन्छ। यसरी सम्पत्तिसँगको सम्बन्ध आर्थिक, सामाजिक र राजनीतिक रूपमा परिभाषित र पुनःपरिभाषित गर्ने क्रममा उक्त स्रोतसँग सम्बन्धित सबै सरोकारवालाहरूबीच सञ्चार र सहमति आवश्यक पर्छ। यस प्रकार आम सरोकारवालाहरूको सहमतिबाट परिभाषित सम्पत्तिलाई मात्र समाजले कानुनी, राजनीतिक वा सामाजिक हकका रूपमा स्वीकार गरी हक स्थापना गरी कार्यान्वयन गर्न सहयोग गर्छ। तर सम्पत्तिमाथिको हक-अधिकारलाई सहमतिपूर्ण रूपमा परिभाषित गर्नु चुनौतीपूर्ण कार्य हो। यसलाई परिभाषित गर्ने क्रममा समुदायले परम्परागत ज्ञान तथा अभ्यास र राज्यले कानुनी आधारलाई प्रमुखता दिँदै आएको छ। कतिपय अवस्थामा यस्ता अधिकारहरू आपसमा खप्टिएका (Overlapped) तथा विवादास्पद (Conflicting) पनि हुन्छन् (Vandergeest, 1997)। प्रस्तुत सामग्रीमा वनमाथिको स्वामित्व तथा अधिकार के हो, नेपालको सन्दर्भमा यस प्रकारको स्वामित्व कोसँग कसरी कायम भएको छ एवं यसले विकसित हुँदै गरेको रेड संयन्त्रबाट प्राप्त हुने फाइदालाई कसरी प्रभाव पार्न सक्छ जस्ता विषयवस्तुहरूबारे चर्चा गर्ने जमर्को गरिएको छ।

वनस्रोतमाथिको अधिकारलाई मुख्यतया अधिकारहरुको समग्र रुप (Bundle of rights) मा बुझ्नुपर्छ। सैद्धान्तिक रुपले वनस्रोतको स्वामित्व तीन प्रकारको हुन सक्छ-

क) व्यक्तिको निजी सम्पत्तिको रुपमा राज्यको कुनै आधिकारीक निकायमार्फत सुरक्षित गरिएको वा परम्परागत मान्यतामा आधारित

ख) राज्यको सम्पत्ति, सरकारी सम्पत्ति र सरकारको खास निकायसँग रहेको

ग) सामूहिक स्वामित्वमा रहेको

तर स्वामित्वले सबै अधिकारको सुनिश्चितता दिँदैन। जस्तैः कति सरकारी जमिन वा जंगलको पनि सामूहिक वा व्यक्तिगत उपयोग हुन सक्छ। त्यसैगरी व्यक्तिगत स्वामित्वमा रहेको जमिन वा जंगलको प्रयोगमा थुप्रै सरकारी कानुनी प्रक्रियाहरु पूरा गर्नुपर्ने हुन्छ। त्यसैले वनस्रोतमा समुदायले के गर्न सक्ने र के गर्न नसक्ने भन्ने कुरा स्वामित्वबाहेक अन्य विषयमा पनि भर पर्छ। सरल रूपमा भन्दा Bundle of Rights भित्र कुनै पनि स्रोतमाथिको उपयोग, व्यवस्थापन, अरुलाई निस्कासन वा स्रोतको स्वामित्व हस्तान्तरण गर्नेसम्मका अधिकार समेटिएका हुन्छन्। यस्ता अधिकारका स्रोतहरू मुख्यगरी दुई प्रकारका हुन्छन्– कानुनले तोकिदिएको (De-jure)

र भोगचलनको (De-facto)। परम्परागत रूपमा प्रयोग हुदै आएको भू-स्वामित्व तथा अधिकार कानुनी रूपमा नियमन नगरिएको पनि हुन सक्छ। तर पनि यो व्यवहार र चलनचल्तीमा रहि नै रहेको हुन सक्छ। तलको चित्र नं १ ले वनमाथिको स्वामित्व तथा अधिकारलाई बुझ्न सजिलो बनाउने तीन महत्वपूर्ण पक्षहरु (अधिकारका स्रोत, अधिकारका क्षेत्र र स्वामित्व वाहक) का बारेमा छोटकरीमा जानकारी दिएको छ।




खासगरी Bundle of Rights लाई कार्यगत (सञ्चालन) तहका अधिकार (Operational Level Rights) र सामूहिक छनोट तहका अधिकार (Collective Choice Level Rights) गरी दुई तहबाट हेर्ने गरिन्छ। कार्यगत तहका अधिकारभित्र स्रोतमा पहूच र ती स्रोतहरू निकाल्न पाउने अधिकार समाहित हुन्छन् भने Collective Choice Level Rights मा स्रोतको व्यवस्थापन गर्ने, स्रोत उपभोगमा निषेध गर्न सक्ने तथा स्रोत व्यवस्थापन तथा उपभोगको अधिकार नै विक्री गर्ने र जिम्मेवारी परिवर्तन गर्ने अधिकार (Alienation Rights) समेत पर्छन्। साधारणतया समुदायले स्थानीय तहका सामुदायिक स्रोतहरूमा यस प्रकारका अधिकारहरू विकेन्द्रीकरणको माध्यमबाट पाउँछन्। यस्ता अधिकारहरूलाई राज्यसंयन्त्रले स्रोतको प्रकृति तथा राज्यको स्रोत व्यवस्थापनसम्बन्धी धारणाबमोजिम विभिन्न किसिमले सीमित पारेको हुन्छ। वनस्रोतको स्वामित्व, अधिकार तथा हकभोगका बारेमा विश्वव्यापी रूपमा थुप्रै अस्पष्टता तथा विवादहरू रहेका छन्। यस्ता विवादहरूका कारण वनस्रोतबाट प्राप्त गर्नुपर्ने वस्तु तथा सेवाहरू जुन तह र वर्गसम्म पुग्नुपर्ने हो- त्यहाँसम्म पुग्न सकेका छैनन्।

वनमाथिको स्वामित्व तथा अधिकार (Forest Tenure) ले एउटा निश्चित क्षेत्रमा रहेको वनबाट कुन वनजन्य स्रोत, कसले, कति र कुन अवधिसम्म कुनकुन सर्तभित्र रहेर प्रयोग गर्न पाउछ भन्ने कुरा निर्धारित गर्छ। त्यसकारण पनि यसलाई वन र यससँग सम्बन्धित स्रोतहरूमाथिको अधिकार र स्वामित्व दुवै पक्षबाट बुझ्नुपर्ने हुन्छ। वनमाथिको अपनत्व, अधिकार र स्वामित्वले वनको दिगो व्यवस्थापनलाई प्रभाव पार्छ। दिगो वन व्यवस्थापनका लागि यसका व्यवस्थापकहरुमा यो स्रोत आफ्नो हो र यसको संरक्षण र सम्वर्द्धनमा हाम्रो भूमिका अहम् छ भन्ने महसुस हुनु जरुरी हुन्छ। स्थानीय समुदायमा यस कुराको महसुस गराउनका लागि निश्चित नीतिनियम र प्रक्रियाद्वारा स्रोतमाथिको उनीहरुको अधिकार र स्वामित्व स्पष्ट रुपमा स्थापना गराउनु जरुरी हुन्छ।

नेपालमा हालसम्म विभिन्न प्रकारका वन व्यवस्थापन पद्धतिहरू प्रयोगमा छन्। विभिन्न सरोकारवालाहरूलाई वनस्रोतबाट बढीभन्दा बढी लाभ दिने र स्रोत व्यवस्थापनलाई सुधारोन्मुख बनाउने नाममा समय-समयमा यस्ता पद्धतिहरू परिवर्तनसमेत गरिएका छन्। तर पनि हालसम्म वन र वनजन्य उत्पादनहरूमा आश्रित हुँदै आएका समुदायहरूलाई यी पद्धतिले अपेक्षाकृत फाइदा

पुऱ्याउन सकेको देखिँदैन । यसको पछाडि उपयुक्त र दीर्घकालीन नीति र वन व्यवस्थापन पद्धति अपनाउन नसक्नु, साधन तथा स्रोतको कमी हुनु, राजनीतिक अस्थिरतालगायतका विविध कारणहरु रहेता पनि वनमाथिको समुदायको अधिकार र स्वामित्वलाई स्पष्ट रुपमा व्याख्या गर्न नसक्नु नै मुख्य कारण देखिएको छ ।

## नेपालमा वन स्वामित्वको अवस्था

नेपालमा सन १९५० देखि हालसम्म वन स्वामित्व तथा अधिकारसम्बन्धी व्यवस्था (Tenure Arrangement) मा विविध प्रकारका परिवर्तनहरू भइसकेका छन् । नेपालको वन व्यवस्थापनमा गत छ दशकको अधिकार र स्वामित्वको अनुभवलाई मूलतः तीन भागमा बाँड्न सकिन्छ- निजी, राज्य तथा सामुदायिक । तराईका ठूला चाक्ला वनहरुमा भएको निजी स्वामित्वलाई सन १९५६ (वि.सं. २०१३) मा गरिएको राष्ट्रियकरणले सरकारी सम्पत्ति बनाइदियो । यसपछि सन १९८० को दशकयता वनको केही हिस्सा सामुदायिक व्यवस्थापनमा लगियो ।

निजी क्षेत्रमा रहेका डाले घाँसहरूलाई समेत सरकारी वन मान्नुपर्नेदेखि लिएर हालको समुदायमा आधारित वन व्यवस्थापनमा जोड दिइरहेको अवस्थासम्म पनि वास्तवमै जनताको पूर्ण स्वामित्व रहने प्रक्रिया अपनाइएको पाइँदैन । सामुदायिक वनजस्तो स्रोतमाथिको अधिकारमा जनताको पहुँच पुग्ने व्यवस्थापन प्रणालीमा समेत बेलाबेला फेरबदल भइरहने हुँदा कानुनले जनतालाई दिएको हक र उपभोग गर्ने अवस्थाको सुनिश्चिततामा कमी देखिएको छ ।

अहिलेको अवस्थामा नेपालको वन व्यवस्थापन पद्धतिलाई प्रमुखतः निजी वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन गरी विविध प्रकारमा बाँडिएको छ र व्यवस्थापन गरिँदै आएको छ । यी सम्पूर्ण प्रकारका पद्धतिको विश्लेषण गर्दा के देखिन्छ भने वास्तविक अधिकारवालाको पूर्ण स्वामित्व हालसम्मका कुनै पद्धतिमा पनि रहेको पाइँदैन ।

## वन स्वामित्वको परम्परागत अवस्था

कतिपय स्थानमा परम्परागत वन व्यवस्थापन पद्धतिहरू कायमै छन् । यस्ता पद्धतिहरू सयौं वर्षदेखि प्रभावकारी देखिन्छन् तर राज्यद्वारा प्रदत्त कानुनी प्रक्रियाभन्दा फरक तर व्यवस्थित ढंगले चलिरहेका छन् । यस्ता पद्धतिहरूमा सीमित बोलवालाहरूको प्रभुत्व पनि देखिन्छ । यस्ता पद्धतिहरूले वास्तवमै वनस्रोतमा आश्रित विपन्न वर्गसम्म न्यायपूर्ण फाइदा वितरण गराउन नसकेका उदाहरण पनि प्रशस्तै छन् । कतिपय अवस्थामा निर्णय प्रक्रियामा पनि गरिबहरूको संलग्नता अत्यन्तै न्यून रहेको पाइन्छ ।

## वन स्वामित्वको कानुनी संरचना

वन व्यवस्थापनको कानुनी संरचनाभित्र पनि विभिन्न प्रकारका स्वामित्व प्रणाली (Tenure Regime) हरू रहेका छन् । हाल वनको स्वामित्व नियमन गर्नका लागि औपचारिक तथा अनौपचारिक दुवै पक्ष संलग्न भएता पनि औपचारिक कानुनी संरचनालाई बढी जोड दिइरहेको अवस्था छ । यसै क्रममा वन ऐन २०४९ को खण्ड ६७ अनुसार समुदायमा आधारित वनहरूको भूस्वामित्व पूर्ण रूपमा सरकारमा निहित छ । वन भूमिको प्रयोगलाई विभिन्न भू-उपयोगमा परिवर्तन गर्न सक्ने तजबिजी अधिकार सरकारमा निहित छ । यसले सामुदायिक वनहरूको स्वामित्वलाई बढी असुरक्षित पार्ने काम पनि भएको देखिन्छ । कतिपय अवस्थामा वन कार्य योजनामा रहेका प्रावधानहरूलाई तोडमोड गरी समूहका सबै सदस्यहरूलाई प्रभाव पार्ने काम भएको देखिन्छ । यी र यस्तै अन्य (स्वामित्वको बाँडफाँड,

पूर्व सुसुचित जानकारीपूर्ण सहमति र विवाद व्यवस्थापन संयन्त्र) थुप्रै सवालहरू हालका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिभित्रका भू-स्वामित्व र वनमाथिको अधिकारसम्बन्धी प्रमुख सवालहरु हुन् ।

## दीर्घकालीन स्वामित्व तथा लाभांश बाँडफाँड पद्धति

वनस्रोत व्यवस्थापनका हकमा वन व्यवस्थापन पद्धतिअनुसार फरक-फरक कानुनी प्रावधान छन् । वनस्रोतको दीर्घकालीन व्यवस्थापनका लागि लामो अवधिको स्वामित्व र प्रयोगको अधिकार दिनु जरुरी हुन्छ । नेपालमा हाल विद्यमान विविध वन व्यवस्थापन पद्धतिहरूमा भएको वन स्वामित्व, यिनको अवधि र व्यवस्थापन पद्धति तथा प्रमुख पक्षहरू देहायबमोजिम छन् (Acharya et.al. 2008) ।

**तालिका १ः नेपालमा विद्यमान वन व्यवस्थापन पद्धति अन्तर्गत वन स्वामित्व, अवधि र विशेषता**

| व्यवस्थापन पद्धति | अवधि | मुख्य विशेषताहरू |
|---|---|---|
| १. निजी व्यवस्थापन- निजी वन (दर्ता भएका वा नभएका ) | वनधनीको इच्छाअनुसार | - बजारमा वन पैदावार विक्री वितरणका लागि अनुमतिपत्र चाहिने<br>- जमिनको राजस्व बुझाउनु अनिवाय<br>- मूल्य अभिवृद्धि कर लगाइएको<br>- निश्चित/तोकिएको कुनै प्रजाति लगाउन रोक र विक्री वितरणमा बन्देज |
| २.राज्यद्वारा व्यवस्थापन<br>- सरकारद्वारा व्यवस्थित वन | स्वामित्व असीमित तर व्यवस्थापन आवधिक वा वार्षिक योजनाअनुसार तोकिएको | - वनमाथिको जनताको अधिकारमा बेवास्ता<br>- घरायसी प्रयोजनका लागि आवश्यक गैर काष्ठ वन पैदावार संकलनको अनुमति, जस्तैः– यार्सागुम्बा |
| - संरक्षित वन | स्वामित्व असीमित तर व्यवस्थापन आवधिक वा वार्षिक योजनाअनुसार तोकिएको | - व्यवस्थापन योजनाविहीन अवस्थामै संरक्षण गर्ने प्रयास |
| - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरू | स्वामित्व असीमित तर पाँचवर्षे योजना अनुसार व्यवस्थापनलाई परिभाषित गरिएको छ । | - जनतालाई सीमित पहुँच<br>- न्यूनतम राजस्व लिएर खर, ढड्डी प्रयोगको अनुमति<br>- ३० देखि ५० प्रतिशत आय स्थानीय विकासमा खर्च गर्नुपर्ने |
| ३.संयुक्त व्यवस्थापन<br>- सामुदायिक वन | - कानुनी रूपमा स्वामित्व अवधि अपरिभाषित<br>- व्यवस्थापनलाई पाँच वा दसवर्षे योजनाद्वारा नियमन गरिएको | - परम्परागत प्रयोगको अधिकार तथा वनमा पहुँचलाई ध्यान दिएको<br>- आपसी सहमतिद्वारा सदस्य र गैर सदस्य परिभाषित<br>- विक्री मूल्य तोक्ने र वनपैदावार विक्री<br>- वितरण गर्ने अधिकार उपभोक्तामा<br>- व्यवस्थापन योजना पुनरवलोकन गर्ने अधिकार स्थानीय उपभोक्तालाई |

| व्यवस्थापन पद्धति | अवधि | मुख्य विशेषताहरू |
|---|---|---|
| | | - व्यवस्थापन नियमहरूको निर्णय गर्ने अधिकार उपभोक्तालाई<br>- हरियो रूख कटान तथा निश्चित बिरुवा जातजाति उत्पादनमा कुनै अवरोध छैन |
| - कबुलियती वन | ४० वर्ष (थप ४० वर्ष बढाउन सकिने) | - भइरहेका रूखहरूको प्रयोगमा अनुमति छैन<br>- कम हैसियत/बिग्रिएको भूमिमात्र हस्तान्तरण गर्ने अनुमति<br>- पुस्ता हस्तान्तरण राम्ररी परिभाषित नभएको |
| - धार्मिक वन | स्वामित्व असीमित तर वार्षिक वा पाँचवर्षे योजनाअनुसार व्यवस्थापन | - परम्परागत स्रोतमाथिको प्रयोग अधिकारलाई पुनर्संरचित गर्नुपर्ने<br>- व्यापारिक प्रयोजनका लागि वन पैदावार ओसारपसार प्रतिबन्ध |
| - साझेदारी वन व्यवस्थापन | - स्वामित्व असीमित<br>- पाँचवर्षे योजना अनुरूप व्यवस्थापन परिभाषित | - नीतिनियम अझै पनि प्रस्ट नभएको<br>- २५ प्रतिशत फाइदा स्थानीय समुदायलाई र हाँगाबिंगा प्रयोग गर्ने अनुमति स्थानीय समुदायलाई |
| - मध्यवर्ती क्षेत्र सामुदायिक वन व्यवस्थापन | - स्वामित्व असीमित<br>- पाँचवर्षे योजनाअनुरूप व्यवस्थापन परिभाषित | - ३०-५० प्रतिशत फाइदा मध्यवर्ती क्षेत्रमै खर्च गर्न अनुमति<br>- सामुदायिक वनहरूले मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजनाअनुरूप काम गर्नुपर्ने<br>- बाहिरियाहरूलाई काठ बेच्नका लागि सामुदायिक वनमा अधिकार नभएको |

विविध वन व्यवस्थापन पद्धतिमा समुदायको जीविकोपार्जन, आय, वनको अवस्था तथा समतामा पर्ने प्रभाव केलाएर हेर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा रेडबाट प्राप्त हुने फाइदाले समुदायका सदस्यहरुको जीविकोपार्जनमा कस्तो प्रभाव पार्छ, उनीहरूको आम्दानीको स्रोत बढ्छ या बढ्दैन, वनको हैसियतमा सुधार ल्याउन सकिने सम्भावना कत्तिको छ र प्राप्त हुने फाइदा न्यायोचित तवरबाट विपन्न वर्ग र वनमा आश्रित समुदायसम्म पुग्छ वा पुग्दैन भन्ने कुरा विश्लेषण गर्न जरुरी हुन्छ।

## कार्बन सञ्चिति तथा स्रोतमाथिको अधिकार

वनभित्र रहेको कार्बनको सावधानीपूर्ण मापन आवश्यक पर्छ। वन कार्बन वनका रूख, बिरुवा, पात, पतिंगर, सोत्तर तथा जरा माटोमा पाइन्छ। यी सम्पूर्ण तत्वहरूलाई नै समग्रमा वन कार्बन सञ्चिति स्रोत (Carbon Pools) भनिन्छ। अहिलेसम्म वनका पाँच आधारभूत Carbon Pools पहिचान भएका छन्। ती हुन्–




चित्र नं २

१. जमिनमाथिको बायोमास (Above ground Biomass)
२. जमिनमुनिको बायोमास (Below ground Biomass)
३. काटिएका रूख/सुकेका काठ (Dead Wood)
४. पात-पतिंगर (Litter)
५. माटोमा रहेको जैविक कार्बन (Soil Organic Carbon)

कार्बन सञ्चितिका यी सम्पूर्ण स्रोतहरू रेडजस्तै कार्बन व्यापारका निम्ति उपयोगी छन् । यसका स्रोतहरूको सही रूपमा कार्बन मापन गर्ने विधिहरू पनि विकास गरिएका छन् ।

तथापि हाल कायम रहेको स्रोतमाथिको स्वामित्व र अधिकारको विवादका कारण वन कार्बन सञ्चिति कसको हुने भन्ने अवस्था कायमै रहेको छ- जसबाट भुक्तानी तथा समग्र रेड व्यवस्थापन प्रक्रियामा द्वन्द्व सिर्जना हुन सक्छ । अहिलेको कानुनी अवस्थामा समुदायहरूमा स्रोतमाथिको प्रयोग तथा विक्रीको अधिकार स्पष्ट रूपमा देखिन्छ । तर, उनीहरूमा जमिनको स्वामित्व छैन । यसकारण सरकारले केही कार्बन सञ्चिति स्रोत (Carbon Pools) हरूमाथिको स्वामित्व र हक दावी गर्न सक्ने परिस्थिति छ । यसले माटोमा रहेको जैविक कार्बन र जमिनमुनिको बायोमासमा सरकारी दावी सिर्जना गरेर कार्बन व्यापारबाट समुदायले फाइदा लिन सक्ने क्षमतामा कमी ल्याउन सक्छ । स्थानीय समुदायहरूको वनस्रोतमाथिका स्थापित अधिकारहरूसमेत समय-समयमा चुनौतीपूर्ण रहन गएको अवस्थामा कार्बन व्यापारले यस्ता अधिकारहरूमाथिको अतिक्रमणलाई थप टेवा प्रदान नगर्ला भन्न सकिन्न । त्यस्तै, नेपालमा कार्बन र कार्बनमाथिको अधिकार सम्बन्धमा हालसम्म कुनै पनि कानुनी व्यवस्था कायम छैन । सरकारले वन कार्बन व्यापारमाथि आफ्नो हक सुरक्षित गर्न यस्तो नीतिगत अस्पष्टताको फाइदा प्रयोग गर्न सक्ने देखिन्छ र स्रोतमाथिको अधिकारका चुनौतीहरूले वनस्रोत तथा व्यवस्थापनलाई केन्द्रीकरण गर्न, बल्लबल्ल प्राप्त स्रोतमाथिको स्वामित्व तथा स्थानीय र आदिवासी समुदायको पहुँचमाथि छेकबार लगाउने अवस्था आउन सक्छ ।

## रेडमा वन स्वामित्वको प्रभाव

रेडको सफल कार्यान्वयनको लागि वनमाथिको बलियो सामुदायिक अधिकार एवं स्वामित्व एउटा महत्वपूर्ण मुद्दा हो । सामुहिक/सामुदायिक स्रोत व्यवस्थापनका सिद्धान्तहरुले भनेजस्तै बलियो स्वामित्वले मात्र अपनत्व बढाउँछ र संरक्षणको सुनिश्चितता दिन्छ । हाम्रै देशको सन्दर्भमा पनि राष्ट्रियकरणसँगै बढेको वन विनाश रोक्ने बलियो उपायका रुपमा सामुदायिक वन आएको हो । यो जगजाहेर छ कि सामुदायिक वनको अभ्यासबाट मात्र नाङ्गा डाँडाहरु आज आएर हराभरा भएका हुन् ।

अहिले हामीले विचार पुऱ्याउनुपर्ने प्रमुख कुरा भनेको अहिलेकै वन व्यवस्थापन प्रणाली र भू-स्वामित्व तथा वनस्रोतमाथि प्रयोगको अधिकारले रेड कार्यक्रमबाट फाइदा हुन्छ या हुँदैन र यदि हुन्छ भने कसलाई तथा कसरी हुन्छ भन्ने हो । रेड संयन्त्रमा

जान चाहिने आवश्यक प्रक्रियाहरू पूरा गर्ने क्रममा वनस्रोत तथा भूमिको स्वामित्व कसको हुने भन्ने कुरा स्पष्ट पार्न सकिएमा समग्र रूपमा रेड संयन्त्र ठूलो अवसर साबित हुन सक्छ अन्यथा हाम्रा विविध वन व्यवस्थापन पद्धतिहरूमध्येको सबैभन्दा सफल मानिएको सामुदायिक वनमा रहने कार्बनको स्वामित्व कसको हुने भन्ने कुरा प्रमुख सवाल तथा द्वन्द्वको स्रोतसमेत हुन सक्छ । सरसर्ती हेर्दा वन समुदायको भएपछि वनले कार्बन उत्सर्जन घटाएबापत तथा थप कार्बन सञ्चिति गरेबापत पाउनुपर्ने रकम समुदायकै हुनुपर्नेजस्तो देखिए पनि यसभित्र विविध जटिलताहरू गाँसिएर आउनेछन् ।

यसैकारण स्रोतमाथिको अधिकार सुनिश्चित गर्न कार्बन अधिकारको परिभाषालाई स्पष्ट पार्नुपर्ने हुन्छ । यी अधिकारहरूको प्रभावकारी अनुगमन तथा स्वामित्वसम्बन्धी दीर्घकालीन व्यवस्था पनि उत्तिकै जरुरी छ । यसैले कार्बनमाथि समुदायको प्रयोग र विक्री अधिकारबारे सुस्पष्टता ल्याउनु आवश्यक छ । साथै, वन संरक्षणमा बढावा दिंदै लगानी गर्न तुलनात्मक रूपमा अन्य प्रयोगबाट हुने फाइदाहरूलाई भन्दा कार्बन व्यापारलाई स्वीकार गर्न समुदायलाई उत्प्रेरित गर्नुपर्छ । यसो भन्दैमा सरकारी निकाय र अन्य सरोकारवालाहरूले फाइदा प्राप्त गर्न नसकून् वा गर्न सक्दैनन् भन्ने होइन, तर लाभांश वितरण संयन्त्र तथा प्रतिशत न्यायोचित ढंगबाट भागबन्डा गर्न यी प्रक्रियालाई स्पष्ट बनाउनुपर्ने हुन्छ- जसले समुदायको कार्बनमाथिको अधिकार अझ बलियो पार्न सकोस् ।

वनमाथिको अधिकार र स्वामित्वको प्रणालीले प्रत्यक्ष रूपमा विपन्न तथा वनस्रोतमा निर्भर समुदायहरूको पहुँच र नियन्त्रणमा असर पार्छ । यसैले वनस्रोतको संरक्षण गरी विनाश तथा क्षयीकरणबाट वनलाई जोगाई विपन्न तथा वनमा आश्रित समुदायलाई समेत रेड प्रक्रियामा सक्रिय सहभागी गराउँदै उनीहरूको श्रमको उचित कदर र लाभको सुनिश्चितता गर्नका लागि सुरक्षित स्वामित्व र अधिकार जरुरी हुन्छ । समयमै यसबारे छिनोफानो गराउन सकेमात्र वनबाट प्राप्त हुने सबै प्रकारका वातावरणीय सेवाहरू सही रूपमा प्राप्त गरी यसको सदुपयोग हुने र वनस्रोतको पनि दिगो व्यवस्थापन हुन सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


Vandergeest, P. 1997. Rethinking Property. *The Common Property Resource Digest*. 41:4-6.

Acharya, K.P, Adhikari, J. and Khanal D. 2008. Forest Tenure Regimes and Their Impact of Livelihoods in Nepal. *Journal of Forests and Livelihood*. 7 (1) 2008.

Paudel, N.S., Banjade, M.R. and Dahal G.R. 2008. Handover of Community Forestry: A Political Decision or a Technical Process ? *Journal of Forests and Livelihood*. 7 (1) 2008.

Luintel, H. and Chhetri, R.B. 2008. Understanding Tenure Security in Community Forestry. *Journal of Forests and Livelihood*. 7 (1) 2008.


●●●


**** पौडेल फरेष्टएक्सन नेपालमा कार्यरत हुनुहुन्छ । उहाँ जलवायू परिवर्तनको सन्दर्भमा प्राकृतिक श्रोतको व्यवस्थापन र यसमा विभिन्न सरोकारवालाको अधिकार एवं भूमिकाको विषयमा अनुसन्धान गरिरहनु भएको छ ।***

***** पौड्याल जलवायु परिवर्तनको नीतिगत सवाल तथा सामुदायिक विकासमा संलग्न हुनुहुन्छ ।***